# स्थानीय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०८ संख्याः ०५ मितिः२०८२/०५/३०


**भाग-०२**

## भानु नगरपालिका

नेपालको संबिधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

## भानु नगरपालिका
## विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०८२।०५।१९
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०५।२०

**प्रस्तावना :**

भानु नगरपालिकामा सञ्चालित विद्यालयहरुमा बालबालिकाहरुका लागि अतिरिक्त क्रियाकलाप, सहकार्यकलाप तथा शुक्रवासरीय कार्यक्रमहरुलाई योजनाबद्ध, नियमित, पारदर्शी, विद्यार्थीकेन्द्रित र व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गरी बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक एवं संवेगात्मक पक्षको विकास गराई उनीहरुको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने उद्देश्यले भानु नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले विद्यालयमा अतिरिक्त क्रियाकलासञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ जारी गरेको छ

।

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि भानु नगरपालिकाका सबै विद्यालयमा लागु हुनेछ।

(३) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ।

ख) "नियमावली" भन्नाले भानु नगरपालिका शिक्षा नियमावली २०७८ लाई सम्झनुपर्छ।

ग) "कार्यपालिका" भन्नाले भानु नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ।

घ) "अतिरिक्त क्रियाकलाप" भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त विद्यालयस्तरमा सञ्चालन गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तकको अतिरिक्त बालबालिकाका लागि आवश्यक शारीरिक, मानसिक (बौद्धिक), सामाजिक र संवेगात्मक पक्षको विकाससँग सम्बन्धित बालकेन्द्रित अन्य व्यवहारिक एवं प्रयोगात्मक कार्यहरु सम्झनुपर्छ।

ङ) "सह-कार्यकलाप" भन्नाले पाठ्यक्रमको अभिन्न अंगको रुपमा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य (सिकाइ सक्षमताहरु) पुरा गराउने गरी तय गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बद्ध शिक्षण सिकाइ क्रियाकलाप तथा प्रयोगात्मक अभ्यासलाई सम्झनुपर्छ।

च) "शुक्रवासरीय कार्यक्रम" भन्नाले विद्यालय तहमा प्रत्येक शुक्रवारका दिन सञ्चालन गरिने बालकेन्द्रित अतिरिक्त क्रियाकलाप तथा सह कार्यकलाप सम्झनुपर्छ।

छ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ

ज) "संयोजक" भन्नाले विद्यालय तहमा अतिरिक्त तथा सहकार्यकलापहरु सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यका लागि जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारी सम्झनुपर्छ।

झ) "विषयगत विभाग" भन्नाले विद्यालय तहमा विषयगत समस्याका वारेमा छलफल तथा अन्तरक्रिया गरी आइपरेका समस्याको समाधानका लागि गठन हुने विषयगत शिक्षकहरुको साझा समूह सम्झनुपर्छ।

ञ) "प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

ट) "उपप्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ड) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ढ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले भानु नगरपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ।

ण) "नगर शिक्षा समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठित भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

त) "वडा समिति" भन्नाले भानु नगरपालिकाका वडामा गठित जनप्रतिनिधिहरुको पाँच सदस्सीय समितिलाई सम्झनुपर्छ।

थ) "शैक्षिक भ्रमण" भन्नाले पाठ्यक्रममा निर्देश गरेअनुसार शिक्षण सिकाइ क्रियाकलापका विभिन्न पक्षहरु मध्ये ऐतिहासिक, भौगोलिक, पुरातात्विक, धार्मिक, सामाजिक-साँस्कृतिक, पर्यटकीय, व्यवसायजन्य एवं वातावरणीय विषयको अध्ययन अवलोकनका निम्ति विद्यालयबाट बालबालिकालाई घुमाउन लैजाने कामलाई सम्झनुपर्छ ।

द) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत बालबालिकाका बाबुआमा वा संरक्षक वा पालनपोषण र रेखदेख गर्ने जिम्मेवारी भएका व्यक्तिलाई सम्झनुपर्छ ।

ध) "व्यवसायजन्य सीप" भन्नाले स्थानीय कच्चा पदार्थको प्रयोग गरी कुनै बस्तु वा सेवाको माध्यमबाट आयआर्जन र स्वरोजगार हुन सहयोग पुऱ्याउने विशेष क्षमता वा कला सम्झनुपर्छ ।

न) "खेलकुद प्रतियोगिता" भन्नाले स्थानीय तहमा सञ्चालन हुने राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता लगायत विभिन्न खेलकुदका विधागत प्रतियोगितालाई सम्झनुपर्छ ।

**ऩ)** Book Free Friday भन्नाले यस कार्यविधि बमोजिम तोकिएको शुक्रवारका दिन कुनैपनि बालबालिकालाई दैनिक अध्ययन गर्ने पुस्तक बिना विभिन्न अतिरिक्त वा सहकार्यकलाप वा खेलकुद वा अन्य व्यवसायिक सीपजन्य क्रियाकलापहरुमा सहभागी गराउने दिन सम्झनुपर्छ ।

## परिच्छेद २
## अतिरिक्त क्रियाकलापको सञ्चालन

३. विद्यालयले विद्यार्थीको स्तर आवश्यकता तथा पाठ्यक्रम बमोजिम देहायका अतिरिक्त क्रियाकलाप सहकार्यकलाप तथा अन्य शैक्षिक एवं खेलकुद क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

क) हाजिरी जवाफ प्रतियोगिता
ख) वक्तृत्वकला प्रतियोगिता
ग) हिज्जे प्रतियोगिता
घ) नृत्य प्रतियोगिता
ङ) वाद्यवादन तथा सङ्गीत प्रतियोगिता
च) चित्रकला/मूर्तिकला/हस्तकला प्रतियोगिता
छ) नाटक प्रतियोगिता
ज) खेलकुद प्रतियोगिता
झ) साहित्यिक प्रतियोगिता (कथा, कविता, गजल, मुक्तक, निबन्ध आदि)
ञ) पठनसीप प्रतियोगिता
ट) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता
ठ) व्यवसायिक सीप विकास सम्बन्धी प्रतियोगिता
ड) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता
ढ) आधुनिक सूचना प्रविधिको प्रयोग तथा प्रबर्द्धन सम्बन्धी प्रतियोगिता
ण) शैक्षिक सामग्री निर्माण तथा प्रस्तुतीकरण प्रतियोगिता
त) शैक्षिक अवलोकन भ्रमण
थ) अन्य

(४) विद्यालयले प्रत्येक शुक्रबारको दिन दैनिक पठनपाठनको साथसाथै विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ । शुक्रवासरीय कार्यक्रममा विद्यालयका सबै तह र कक्षाका बालबालिकाहरुलाई

कुनै न कुनै अतिरिक्त वा सहकार्यकलाप वा अन्य कुनै रचनात्मक एवं सिकाइमूलक कार्यक्रममा सहभागी भएकै हुनुपर्नेछ ।

(५) प्रत्येक विद्यालयले महिनाको अन्तिम शुक्रवार अनिवार्य रुपमा Book Free Friday को रुपमा मनाउनुपर्नेछ । उक्त शुक्रवारको दिन बालबालिकालाई पुस्तक तथा झोला ल्याउन अनिवार्य गरिनेछैन ।

(५) हरेक विद्यालयले भानु नगरपालिकाबाट जारी गरिने शैक्षिक क्यालेण्डरसँग तादात्म्यता हुनेगरी अतिरिक्त क्रियाकलापसँग सम्बन्धित कार्यक्रमहरु समावेश गरी आफ्नो क्यालेण्डर निर्माण गरी समयबद्ध तालिकाका बारेमा सबै विद्यार्थीलाई जानकारी गराउनुपर्नेछ ।

(६) हरेक विद्यालयले अतिरिक्त क्रियाकलापलाई योजनाबद्ध नियमित र सबै बालबालिकाको सहभागितामा सञ्चालन गर्ने कामको लागि एकजना शिक्षक वा कर्मचारीलाई संयोजक तोक्नुपर्नेछ । संयोजकले विद्यालयका प्रधानाध्यापक तथा कक्षा शिक्षकहरुसँग आवश्यक समन्वय गरी अतिरिक्त क्रियाकलापको संयोजन तथा व्यवस्थापन गर्नेछ । संयोजकलाई विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट थप पारिश्रमिक वा सुविधा दिन सक्नेछ ।

(७) विद्यालयहरुले अन्तर सदनात्मक, कक्षागत, तहगत वा अन्तर विद्यालयस्तरीय अतिरिक्त वा खेलकुद क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछन् ।

(८) विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप, सह-कार्यकलाप, खेलकुद क्रियाकलाप तथा अन्य प्रतियोगितात्मक कार्यक्रमहरुमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी वा समूहलाई विद्यालयले हौसलास्वरुप नगद वा जिन्सीबाट पुरष्कृत गर्न सक्नेछ ।

## परिच्छेद ३

## नगरस्तरीय अतिरिक्त क्रियाकलाप तथा अनुदान सम्बन्धी व्यवस्था

(९) भानु नगर कार्यपालिकाले प्रत्येक वर्ष बालबालिकाको सर्वाङ्गीण विकासका लागि वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालयस्तरीय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नेछ ।

(१०) विद्यालयका शिक्षक केन्द्रित अतिरिक्त वा खेलकुद प्रतियोगिताहरु नगरस्तरमा समेत सञ्चालन हुनेछन् । यी प्रतियोगिताहरु अन्तर विद्यालय तथा अन्तर पालिका स्तरीय पनि हुन सक्नेछन् ।

(११) भानु नगरपालिकाले विद्यालयस्तरमा अतिरिक्त क्रियाकलाप, सहकार्यकलाप, व्यवसायजन्य सीप विकासका कार्यक्रम तथा Book Free Friday कार्यक्रम सञ्चालन गर्नका लागि विद्यालयहरुलाई सालबसाली रुपमा निश्चित रकम अनुदानको रुपमा प्रदान गर्नेछ । यसरी दिइएको अनुदान रकमलाई विउपुँजी (Seed money) को रुपमा मानेर विद्यालयले साझेदारीमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नेछ ।

(११) नगरपालिकाले कुनै विद्यालयले सञ्चालन गरेका अतिरिक्त क्रियाकलाप, सहकार्यकलाप, खेलकुद गतिविधि तथा व्यवसायजन्य सीप विकासका कार्यक्रमहरुको मूल्याङ्कन गरी उत्कृष्ट काम गर्ने विद्यालयहरुलाई वार्षिक रुपमा निश्चित रकम पुरस्कारको रुपमा दिन सक्नेछ । यसका लागि विद्यालयहरुले ती क्रियाकलापहरुको विस्तृत विवरण नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ । यस विवरणको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(१२) उपदफा (११) बमोजिम विद्यालयलाई पुरस्कृत गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक सिफारिस समिति गठन हुनेछ

- क) संयोजक, नगर शिक्षा अधिकारी
- ख) सदस्य, सामाजिक विकास समितिका संयोजक
- ग) सदस्य, नगर प्रमुखले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापक एकजना
- घ) सदस्य, नेपाल शिक्षक महासंघ भानुको प्रतिनिधि एकजना

ङ) सदस्य-सचिव, शिक्षा अधिकृत

उक्त समितिले भानु नगरपालिकाबाट सोही शिर्षकमा विनियोजित बजेटको परिधि भित्र रही नगद पुरस्कारका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ र सम्बन्धित विद्यालयको खातामा पुरस्कार रकम निकासा हुनेछ। उपलब्ध रकम विद्यालयहरुले अतिरिक्त क्रियाकलापका विभिन्न विधाको सञ्चालन, व्यवस्थापन र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ।

(१३) नगरपालिकाले राष्ट्रिय शिक्षा दिवसका अवसरमा विद्यालयका उत्कृष्ट अतिरिक्त क्रियाकलाप संयोजक वा खेलकुद संयोजक शिक्षक वा कर्मचारीलाई पुरस्कृत एवं सम्मान गर्न सक्नेछ ।

(१४) भानु नगरपालिकाले वार्षिक रुपमा कुनै अनुकरणीय एवं सफल शिक्षण संस्था, शैक्षिक प्रतिष्ठान, व्यावसायिक फर्म तथा उद्योगको अध्ययन अवलोकन गर्नका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, विव्यस पदाधिकारी तथा जनप्रतिनिधिहरुको समूहलाई शैक्षिक अवलोकन भ्रमण गराउन सक्नेछ। अवलोकन भ्रमणबाट फर्केपछि टोलीले समग्रमा प्राप्त सिकाइहरु र आफ्नो परिवेशमा लागु गर्न सकिने विषयवस्तु सहित विस्तृत प्रतिवेदन तयार गरी अनिवार्यरुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

**परिच्छेद ४**

## विविध

(१५) विद्यालयस्तरमा सञ्चालन गरिने हरेक अतिरिक्त क्रियाकलापहरुमा विद्यालयका शिक्षक तथा विद्यार्थीहरु अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ।

(१६) भानु नगारपालिकामा रहेका खेलकुद प्रशिक्षक तथा संगीत प्रशिक्षकबाट विद्यालयको आवश्यकता र मागका आधारमा विभिन्न विद्यालयमा पालैपालो खेलकुद तथा अतिरिक्त क्रियाकलापका विभिन्न विधामा प्रशिक्षण तथा सहजीकरण हुन सक्नेछ ।

(१७) भानु नगरपालिकाका जनप्रतिनिधि, नगर शिक्षा समितिका पदाधिकारी, सामाजिक विकास समितिका पदाधिकारी तथा शिक्षा युवा तथा खेलकुद शाखाबाट विद्यालय तहका अतिरिक्त क्रियाकलापहरुको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण हुनेछ।

(१८) विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मा कुनै संशोधन वा थपघट नगर कार्यपालिकाले गर्न सक्नेछ।

अनुसूची १

# अतिरिक्त क्रियाकलापको विस्तृत विवरण ढाँचा

(परिच्छेद ३, दफा ११ संग सम्बन्धित)

मिति: २०.....। ...... ।.....

श्री नगर शिक्षा अधिकारीज्यू
भानु नगरपालिका तनहुँ।

**विषय: अतिरिक्त क्रियाकलापको वार्षिक प्रतिवेदन पेश गरेको ।**

उपर्युक्त सम्बन्धमा भानु नगरपालिकाबाट जारी विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस विद्यालयले शैक्षिक सत्र २०.... मा सम्पादन गरेका विद्यार्थी तथा शिक्षक केन्द्रित अतिरिक्त क्रियाकलाप, सह-कार्यकलाप, खेलकुद, व्यवसायिक सीप विकास सम्बन्धी प्रतियोगिता, वैज्ञानिक तथा सूचना प्रविधिसम्बन्धी अन्वेषण तथा अन्य सृजनात्मक कार्यहरुको विस्तृत विवरण देहाय बमोजिम पेश गरेको छु । भानु नगरपालिकाबाट उपलब्ध हुने अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

| क्र सं. | क्रियाकलापको नाम | सम्पन्न भएको मिति | तह | सहभागी संख्या | कार्यक्रमको उपलब्धि | कूल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

| ...................... | ........................... | ....................... |
|---|---|---|
| कार्यक्रम संयोजक | प्रधानाध्यापक | विव्यस अध्यक्ष |

विद्यालयको छाप